Email : info.dcrautahat@supremecourt.gov.np
rautahatdistrictcourt@gmail.com

# रौतहट जिल्ला अदालत

गौर, रौतहट
(प्रशासन शाखा)

*कृप्या पत्रोत्तरमा प्राप्त पत्र संख्या, च.नं., मिति र खाममा शाखा उल्लेख गर्नु होला।*
*फोन नं.: ०५५-५२०१०१ (चेम्बर)*
*०५५-५२०११२(फ्याक्स)*

पत्र संख्या :- ०७९/०८०
प्राप्त पत्र संख्या र मिति :-
चलानी नं. :-

मिति :- २०८०।०१।२४ गते

## सूचना सूचना सूचना

नेपाल सरकार द्वारा खण्ड ७३, बैशाख २० गते, २०८० साल अतिरिक्ताङ्क २ नेपाल राजपत्रमा प्रकाशित नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मंत्रिपरिषदको सिफारिशमा राष्ट्रपतिबाट जारी सम्बत २०८० सालको अध्यादेश नं. (१) मुलुकी संहिता सम्बन्धि केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश मिति २०८०।०१।२० गतेबाट लागु भएको यहाँहरु सबैमा सर्वविदितै छ ।

तसर्थ उक्त अध्यादेश मार्फत हाल कार्यान्वयनमा रहेको मुलुकी अपराध संहिता २०७४ तथा मुलुकी देवानी संहिता २०७४ र मुलुकी देवानी कार्यविधि संहिता २०७४ मा केही संशोधनहरु भएको वेहोरा यहाँहरु सबैमा जानकारीको लागी अनुरोध गर्दछु ।

मिति २०७५ भदौ १ देखि लागु रहेको मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा ३६ को उपदफा ३ पछि ३(क) र ३(ख) थपिएको, ऐ.ऐ. कार्यविधि संहिताको दफा ३६ को उपदफा ५ को प्रतिबंधात्मक वाक्यांश झिकिएको तथा उपदफा ४ मा रहेको उपदफा ३ बमोजिम भन्ने शब्दको सट्टा उपदफा ३ वा ३(क) बमोजिम भन्ने शब्दहरु थप भएको र अन्य कानूनी व्यवस्थाहरुमा समेत संशोधन भई थप घट भएको सन्दर्भमा सोही कानूनी व्यवस्था बमोजिमको कार्यविधि तथा प्रक्रिया पुरा गरी लेनदेन (लिखत सम्बन्धि) तथा अन्य मुद्दाहरु दर्ता प्रयोजनार्थ लिई आउन हुन सम्बन्धित सरोकारवाला सबैमा जानकारीको लागी अनुरोध छ ।